नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
तनहुँ

फोन ०६५ ५६०१३३, ५६०१०९, ५६२६१३
फ्याक्स-:०६५-५६०१०७

पत्र संख्या-:०७७७८/
चलानी नम्बर

मिति-:२०७८।०१।२६

तनहुँ जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

देशका अन्य जिल्ला जस्तै तनहुँ जिल्ला पनि कोभिड-१९ को संक्रमणको उच्च जोखिम रहेको भनि यस अघि २०७७।१।२२ गते राती १२:०० देखि तनहुँ जिल्लाका केहि भागमा लागु गरिएको निषेधाज्ञाको आदेशलाई समिक्षा गर्दै तनहुँ जिल्ला भर लागु गर्न जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको मिति २०७८।०१।२६ को निर्णय समेतको आधारमा २०७८।०१।२१ गते जारी निषेधाज्ञामा निम्न विषय संशोधन गरी सङ्क्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८।०१।२७ गते राती १२.०० बजेदेखि मिति २०७८।०१।३१ गते राती १२.00 बजेसम्म जिल्ला तनहुँ जिल्ला भर लागु हुनेगरी देहायको आदेश बमोजिमको निषेधाज्ञा जारी गरिएको छ। यो आदेश पालना गर्नु गराउनु सबै व्यक्ति, संघ संस्था, पेशाकर्मी, व्यवसायी तथा आम नागरिकको कर्तव्य हुनेछ। यदि कोही कसैबाट यो आदेशको उल्लंघन भएमा संक्रामक रोग ऐन, २०२० तथा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारवाही हुने व्यहोरा समेत सम्वन्धित सबैमा जानकारी गराईन्छ

## तपसिल

१. निम्न व्यवसायिक कार्य र सेवालाई स्वास्थ र सुरक्षाको मापदण्ड पूरा गरेर निर्वाध रुपमा सञ्चालन हुने वातावरण बनाउने।

(क) अत्यावश्यक सेवाहरु जस्तै:एम्बुलेन्स, ग्यास, पेटोलियम पदार्थ, खानेपानी, औषधि तथा उपचार सामाग्रीहरु, स्वास्थ्य संस्था, अस्पताल, भेटेनरी अस्पताल, भेटेनरी औषधि पसल, दुरसञ्चार, इन्टरनेट, फोहरमैला व्यवस्थापन, बैंकको ए.टि.एम. सेवा, डाँक सेवा र सार्वजनिक निर्माण सम्वन्धि कार्य र सेवाहरु, ढुवानी सेवा।

(ख) जिल्ला भर नै खाद्यान्न, तरकारी, फलफूल, दुध र दुधजन्य पदार्थ, माछा, मासु, अण्डा, दाना, पशु, पंछीको उत्पादन र बिक्रि वितरण र निर्माण सामाग्री पसलको संचालन। (विहान ५:०० बजे देखि ९:०० बजे सम्म मात्र)

२. सवारी पास लिएर संचालन गर्न दिने सेवा र कार्यहरु:-

(क) माथि उल्लेख भएका बाहेक अन्य अत्यावश्यक काम (अस्पताल आउने जाने, विरामी र कुरुवा, मृत्यु संस्कारमा अनिवार्य सहभागी हुनु पर्ने अवस्था) का लागि जिल्ला प्रशासन कार्यालयबाट सवारी अनुमति लिनु पर्ने।

(ख) सञ्चारकर्मीको हकमा सूचना विभाग वा सम्बन्धित Media House ले जारी गरेको परिचय पत्रको आधारमा आवत जावत गर्न दिने।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
तनहुँ

फोन ०६५ ५६०१३३, ५६०१०९, ५६२६१३
फ्याक्स-:०६५-५६०१०७

पत्र संख्या-:०७७७८/
चलानी नम्बर

मिति-:२०७८।०१।२६

३. सभा, सम्मेलन र सामाजिक कार्य सम्बन्धमा:-

(क) सिनेमा हल, पार्टी प्यालेस, डान्स बार, दोहोरी, नाचघर, क्लव, हेल्थ क्लव, जिम खाना, स्विमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, रंगशालामा हुने दर्शक सहितको खेलकूद, तालिम, सेमिनार, भौतिक उपस्थितीमा गरिने शिक्षण प्रशिक्षण र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रमहरु पूर्ण रुपमा बन्द गर्ने।

(ख) मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जमघट नगरी जनस्वास्थ्यका निर्धारित मापदण्ड पालना गर्ने गरी नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने गराउने व्यवस्था मिलाउने।

(ग) सामाजिक र साँस्कृतिक कार्यहरु विवाह, व्रतबन्ध लगायतमा १५ जना भन्दा बढी सहभागी नहुने र सहभागीहरुले जनस्वास्थ्यका सबै निर्धारित मापदण्ड पूर्णपालना गर्ने गरि पूर्व स्वीकृति लिएर मात्र संचालन गर्ने गराउने व्यवस्थालाई प्रभावकारी बनाउने।

४. कार्यालय सञ्चालन सम्बन्धमा:-

(क) अत्यावश्यक सेवा संचालन गर्ने बाहेकका कार्यालयहरुले सेवा प्रवाह बन्द गरी आन्तरिक कार्य मात्र गर्ने गराउने।

(ख) सरकारी कार्यालय र अन्य सार्वजनिक निकायमा कार्यरत कर्मचारीहरुको सवारी साधनको हकमा परिचय पत्रको आधारमा आन्तरिक आवतजावत गर्न दिने।

५. जिल्ला भित्र र जिल्ला बाहिर चल्ने निजी र सार्वजनिक सवारी साधनहरु सवारी पास बेगर संचालन गर्न नदिने।

६. बैंक,लघु वित्त, विमा, सहकारी लगायतका बित्तिय संस्थाहरुबाट प्रवाह हुने सेवा शाखा प्रबन्धकले स्वास्थ्य तथा सुरक्षाका सबै मापदण्ड पूरा गराई न्यूनतम कर्मचारीको उपस्थितीमा आन्तरिक कार्य मात्र संचालन गर्ने।

७. उत्पादन र सार्वजनिक निर्माण कार्यमा खटिने जनशक्तिलाई निर्माण व्यवसायीको तर्फबाट निर्माण स्थलमा नै खाने बस्ने प्रबन्ध गर्नुका साथै स्वास्थ्य तथा सुरक्षाका सबै मापदण्डको पूर्ण पालना गर्ने गरि संचालन गर्ने,अन्यथा निर्माण र उत्पादनको कार्य बन्द गर्ने।

८. भारत र अन्य मुलुकबाट तनहुँ जिल्लामा आउने व्यक्तिले अनिवार्य रुपमा १० दिन क्वारेण्टाईनमा बस्ने।

(सगर आचार्य)
प्रमुख जिल्ला अधिकारी